# सैनामैना नगरपालिकाको आर्थिक ऐन, २०७८

नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नगरसभाले यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नामः सैनामैना नगरपालिकाको "आर्थिक ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन २०७८ साल श्रावण १ गतेदेखि नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. परिभाषा र व्याख्या :

**(क) "नगरपालिका "** भन्नाले सैनामैना नगरपालिकालाई सम्झनु पर्दछ ।

**(ख) "सभा "**भन्नाले सैनामैना नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

**(ग) "प्रमुख "** भन्नाले सैनामैना नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

**(घ)"प्रमुख प्रशासकीय अधिकृत"**भन्नाले सैनामैना नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

३. **सम्पत्ति कर :**

**(१)** नगरपालिका क्षेत्रभित्रअनुसूची १ माउल्लेखित जग्गाको मूल्याङ्कन र अनुसूची २ मा उल्लिखित भौतिक संरचनाकोमूल्याङ्कनको आधारमा अनुसूची ३ मा उल्लेख भएबमोजिमको दरमासम्पत्ति कर लगाईने र असूल उपर गरिनेछ ।

**स्पष्टीकरण :** यस दफाको प्रयोजनको लागि -

**(क) "सम्पत्ति कर"**भन्नाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५५ को उपदफा (१) मा उल्लेख भएबमोजिमघर र सो घरले चर्चेको जग्गामा लाग्ने करलाई सम्झनु पर्दछ ।

**स्पष्टीकरणःयस दफाको प्रयोजनको लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबर थप जग्गा सम्म सम्झनु पर्दछ ।**

**(ख) "भूमि कर (मालपोत)"**भन्नाले सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा लाग्ने करलाई सम्झनु पर्दछ ।

**(ग) "संरचना"भन्नाले घर ,**टहरा,गोदाम,सेड,ग्यारेज र पर्खाल जस्ता स्थायी निर्माणलाई जनाउँदछ ।

४. **घर जग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, बिद्यालय, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (४) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवाको प्रकृति र स्वरुपको आधारमा अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः**नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने टाँगा, रिक्सा, अटो रिक्सा, ई-रिक्सा जस्ता सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

तरसवारी साधन बाहेक ट्रक, टिप्पर र ट्याक्टरको हकमा(पुर्व पश्चिम लोकमार्ग, मुर्गीया लुम्बिनी सडक, रामापुर लुम्विनी सडक, सालझण्डी ढोरपाटन तथा रणनैतिक र केन्द्रीय सडक बाहेक)सोही अनुसूचीमा उल्लेख भएबमोजिम सडक मर्मत दस्तुर लगाइनेछ ।

७. **विज्ञापन कर**: नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।

८. **बहाल बिटौरी कर**:

(१) नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार पसलमा अनुसूचि (८) मा उल्लेख भए अनुसार बहाल बिटौरी कर लगाइनेछ ।

(२) व्यक्तिले आफै निर्माण गरेका र कानून बमोजिम स्वामित्व प्राप्त नगरेका ऐलानी वा पर्ती जग्गामा बनेका संरचनाको लागि अनुसूची १ र २ को मूल्याङ्कनको आधारमा अनुसूची ३ को दरमा भएको व्यवस्था अनुसार बहाल बिटौरी कर लगाईने र असुल उपर गरिनेछ ।

(३) उपदफा २ अनुसारको जग्गामा बनेको संरचनाको मूल्याङ्कन गर्दा अनुसूची २ को मूल्याङ्कन अंकको ८०% (असी प्रतिशत) ले हुन आउने मूल्य कायम गरी अनुसूची ३ को दरमा कर लगाइनेछ ।

९. **सेवा शुल्क, दस्तुर**: नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची ९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असूल उपर गरिनेछ ।

१०. **अन्य शुल्क**:

(१) नक्सा पास, पर्यटन शुल्क, ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर ऱ्याफ्टीङ्ग शुल्क, पार्किङ शुल्क, पुर्वाधार विकास शुल्क, भौतिक पूर्वाधार शुल्क,जडीबुटी, कवाडी र जीवजन्तु कर, मनोरन्जन कर जस्ता कर दस्तुर तथा शुल्कहरु लगाईने र असुल उपर गरिनेछ ।

(२) व्यक्ति आफैले भोग चलन गरेका ऐलानी वा पर्ती जग्गाको हकमा अनुसूची १ को मूल्याङ्कनको आधारमा अनुसूची ३ बमोजिमको दरमा पुर्वाधार विकास शुल्क लिइनेछ ।ऐलानी र पर्ति जग्गामा गरिने अंशबण्डा र बकसपत्रमा अनुसूची १ र २ को मुल्याङ्कित अङ्कको असी प्रतिशतलाई मूल्य कायम गरी सोको ०.५ प्रतिशत सेवा शुल्क लिइनेछ ।

(३)उपदफा २ अनुसारको जग्गाको मूल्याङ्कन गर्दा अनुसूची १ को मूल्याङ्कन अंकको ८०% (असीप्रतिशत) ले हुन आउने मूल्य कायम गरी अनुसूची ३ को दरमा कर लगाइनेछ ।

११. **कर छुट र जरिवाना**:

(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई यस ऐनमा उल्लेख भएको बाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन । तर निम्न बमोजिमको व्यवसाय तथा सिफारिसमा भने छुटदिन वाधा पर्ने छैन ।

(क) अपाङ्ग तथा एकल महिलाले कुनै उद्योग व्यवसाय संचालन गरेमा लाग्ने दस्तुरमा ५०% छुट दिने,

(ख) सामुदायिक विद्यालय संग सम्बन्धीत सिफारिसमा लाग्ने दस्तुर छुट दिने,

(ग) नेपाल सरकारबाट अनुदानमा सञ्चालित स्वास्थ्य उपचार संग सम्बन्धीत सिफारिसमा लाग्ने दस्तुर छुट दिने,

(घ) अपाङ्गता सम्बन्धी सामान्य सिफारिसमा लाग्ने दस्तुर छुट दिने

(२) यस ऐनर प्रचलित कानुन बमोजिमको कर समयमा नबुझाएमा वा नगरपालिकाको नियम पालना नगरेमा अनुसूची १० मा उल्लेख भए बमोजिम जरिवाना असुल उपर गरिनेछ ।

**१२. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १
## दफा ३ सँग सम्बन्धित
## सम्पत्ति कर तथा भूमि कर निर्धारणको लागि तयार गरिएको जग्गाको मूल्याङ्कन

| क्र. सं | विवरण | जग्गाको मूल्य प्रति कट्ठा | | |
|---|---|---|---|---|
| | | कालो पत्रे | ग्राभेल/कच्ची | खेतियोग्य |
| | लोकमार्ग मोहडा पर्ने | ५५००००० | | ५००००० |
| | लोकमार्ग बजार क्षेत्र (२०० मिटर सम्म) | ३५००००० | २५००००० | ४००००० |
| | लोकमार्गको २०० देखि ५०० मिटर सम्म | २५००००० | २०००००० | ३००००० |
| | लोक मार्ग सँग जोडिएका ३० पूट मोहडा भएका लोक मार्ग देखि ५०० मि. सम्म | २०००००० | १५००००० | २००००० |
| | अन्य लोक मार्ग संग जोडिएका २० फूट मोहडा भएका लोक मार्ग देखि ५०० मि. सम्म | २०००००० | १५००००० | २००००० |
| | मेजर सडक | २५००००० | २०००००० | २००००० |
| | मुर्गिया लुम्बिनी सडक मोहडा ५०० मि.सम्म | ३०००००० | | २००००० |
| | मुर्गिया लुम्बिनी सडक मोहडा ५००-१००० मि.सम्म | २०००००० | १५००००० | २००००० |
| | मुर्गिया लुम्बिनी सडक मोहडा १००० मि.देखि टाढा | १८००००० | १३००००० | २००००० |
| | कलौनी लुम्बिनी सडक मोहडा ५०० मि.सम्म | ३०००००० | | २००००० |
| | कलौनी लुम्बिनी सडक मोहडा ५००-१००० मि.सम्म | २०००००० | | २००००० |
| | कलौनी लुम्बिनी सडक मोहडा १००० मि.देखि टाढा | १८००००० | १३००००० | २००००० |
| | सालझण्डी ढोरपाटन सडक ५०० मि. सम्म | ५०००००० | | २००००० |
| | सालझण्डी ढोरपाटन सडक मोहडा ५००-१००० | ३५००००० | | २००००० |
| | सालझण्डी ढोरपाटन सडक मोहडा १००० देखि टाढा | २०००००० | | २००००० |
| | सैनामैना रिङ्गरोड मोहडा ५०० मि. भन्दा टाढा | २०००००० | १०००००० | २००००० |
| | लोकमार्ग देखि १००० मि.भन्दा टाढाका सबै स्थान | १५००००० | १०००००० | २००००० |

**द्रस्टव्य**

१.जग्गाको मूल्याङ्कन गर्दा सडक सँग जोडिएको जग्गामा सडक देखि १२० फिटलाई घडेरी मानी सो भन्दा पछाडिको जग्गालाई खेतियोग्य मानेर मूल्याङ्कन गरिनेछ ।

२. वेदर्ता जग्गाको हकमा उपरोक्त मूल्याङ्कनको ८० प्रतिशत मूल्य कायम गरिनेछ ।

३. वेदर्ता जग्गामा बनेको संरचनाको लागि बहाल विटौरी कर र संरचना निर्माण नभएको जग्गामा पूर्वाधार विकास शुल्क लिइनेछ ।

४.जग्गाको मूल्याङ्कन गर्दा लोकमार्ग मोहडा सँग जोडिएको जग्गामा सडक देखि १२० फिट भन्दा टाढा अर्को सडकमा मोहडा परेमा बजार क्षेत्रमा परेमा सोही अनुसार र सो भन्दा टाढा भित्री सडक सरह कायम गरिनेछ ।

५. सैनामैना रिङरोडमा कालो पत्रे भए पछि मात्र कालो पत्रेको मूल्य अनुसार  कायम गरिनेछ ।

## अनुसूची २
## (दफा ३ सँग सम्बन्धित)
## भौतिक संरचनाको मूल्याङ्कन

| क्र.सं. | घरको बनौट | मूल्याङ्कन दर प्रति वर्ग फिट रु. | ह्रासकट्टी % प्रति वर्ष | कट्टी गर्ने जम्मा वर्ष |
|---|---|---|---|---|
| १ | टिन, टायल, खपटा, फूसको छाना भएको घर | ४५० | संलग्न सिट बमोजिम | |
| २ | माटोको जोडाइमा इटा/ढुंगाको पर्खाल भइ ढलान वा अन्य छाना भएको | १००० | | |
| ३ | सिमेन्टको जोडाइमा इटा/ढुंगाको पर्खाल भइ ढलान वा अन्य छाना भएको | १२०० | | |
| ४ | आर.सि.सि. फ्रेम स्ट्रक्चर (साधारण भवन) | १५०० | | |
| ५ | आर.सि.सि. फ्रेम स्ट्रक्चर (बिशेष सुविधा सम्पन्न भवन) | १८०० | | |
| ६ | स्टिल स्टक्चर | १५०० | | |

**संरचनाको ह्रास कट्टी दर**

| स्टिल स्टक्चरप्रति वर्ष | संरचनाको किसिम र ह्रास कट्टी दर | | | | |
|---|---|---|---|---|---|
| | आर.सि.सि. फ्रेम स्ट्रक्चर (बिशेष सुविधा सम्पन्न भवन) प्रति वर्ष | आर.सि.सि. फ्रेम स्ट्रक्चर (साधारण भवन) प्रति वर्ष | सिमेन्टको जोडाइमा इटा/ढुंगाको पर्खाल भइ ढलान वा अन्य छाना भएको प्रति वर्ष | माटोको जोडाइमा इटा/ढुंगाको पर्खाल भइ ढलान वा अन्य छाना भएको प्रति वर्ष | टिन, टायल, खपटा, फूसको छाना भएको घर प्रति वर्ष |
| २ प्रतिशत | २ प्रतिशत | २ प्रतिशत | ३ प्रतिशत | ४ प्रतिशत | ५ प्रतिशत |

**अधिकतमह्रास कट्टी ९० प्रतिशत सम्म मात्र हुनेछ ।**

# अनुसूची- ३
## (दफा ३ सँग सम्बन्धित)
## सम्पत्तिकर तथा भूमिकरको दर
## आ.व. २०७८/७९

| करयोग्यसम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|
| दश लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु १०० (एक सय) |
| दश लाख भन्दा माथि दुई करोड सम्म | प्रति लाख १० (रु दश) |
| दुइ करोड भन्दा माथि तीन करोड सम्म | प्रति लाख १८ (रु अठार) |
| तिन करोड भन्दा माथि चार करोड सम्म | प्रति लाख २२ (रु बाइस) |
| चार करोड भन्दा माथि पाँच करोड सम्म | प्रति लाख २५ (रु पच्चीस) |
| पाँच करोड भन्दा माथि | प्रति लाख २७ (रु सत्ताइस) |

# अनूसूची ४
## (दफा ४ सँग सम्बन्धित)
## घर जग्गा बहाल करको दररेट

नगरपालिका क्षेत्रभित्र घरधनीले घर भाडामा लगाउंदा प्रति महिना घरको हकमा सटर तथा कोठा भाडा आम्दानीको १० प्रतिशतका दरले नगरपालिकालाई बहाल कर वापत बुझाउनु पर्नेछ ।साथै नगरपालिका क्षेत्रभित्र जग्गाधनिले जग्गा भाडा लगाउदा प्रति महिना आम्दानीको १० प्रतिशतका दरले जग्गाको बहाल कर बुझाउनु पर्नेछ । यसरी घरबहाल कर हिसाब गर्दा तपसिलमा उल्लेखित न्युनतम दरले प्रति महिना प्रति कोठाको मुल्यांकन गरिनेछ । जग्गा भाडामा लगाउदा सम्झौतामा उल्लेखित भएको मूल्यको १० प्रतिशतका दरले प्रति महिना बहालकर बुझाउनु पर्नेछ ।

<u>प्रति कोठाको न्युनतम मुल्याङ्कन</u>

| वडा नं. | कोठा बिवरण | लोकमार्ग बजारक्षेत्र | लोकमार्ग अन्य क्षेत्र | भित्री कालोपत्रे बजार क्षेत्र | भित्री कालोपत्रे अन्य क्षेत्र | भित्री ग्राभेल बजार क्षेत्र | भित्री ग्राभेल अन्य क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १-११ | सटर कोठा | ४,००० | ३,००० | २,५०० | २,००० | १,५०० | १,००० | |
| १-११ | अन्य कोठा | २,००० | १,५०० | १,२०० | १,००० | १,००० | ५०० | |

# अनुसूची ५
## (दफा ५ सँग सम्बन्धित)
## व्यवसाय करको दर

| क.स | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १) | **मदिरा पसल** | | |
| | (क) वितरक | ५००० | |
| | ख) थोक विक्रेता | ३००० | |
| | ग) खुद्रा विक्रेता | २००० | |
| २) | **सूर्तिजन्य** | | |
| | (क) वितरक | ५००० | |
| | ख) थोक विक्रेता | ३००० | |
| | ग) खुद्रा विक्रेता | २००० | |
| ३) | **हल्का पेयपर्दाथ** | | |
| | क) थोक विक्रेता | २००० | |
| | ख) खुद्रा विक्रेता | १००० | |
| ४) | **सुनचाँदी पसल** | | |
| | क. फेन्सी गहना बनाई विक्री सो रुम (क) श्रेणी | ५००० | |
| | ख. फेन्सी गहना बनाई विक्री सो रुम (ख) श्रेणी | ३००० | |
| ५) | **औषधी पसल** | | |
| | क) उत्पादक | ६००० | |
| | ख) वितरक थोक | ५००० | |
| | ग) खुद्रा पसल | ३००० | |
| ६) | **आर्युवेदिक औषधी** | | |
| | क) उत्पादक | ५००० | |
| | ख) वितरक | २००० | |
| | ग) खुद्रा | १००० | |
| ७) | **एग्रोभेट पसल** | | |
| | क. थोक (कृषि जन्य विउ विजन, औषधी तथा अन्य सामाग्री) | ४००० | |
| | ख. खुद्रा (कृषि जन्य विउ विजन मात्र) | २००० | |
| ८) | **स्टेशनरी पसल** | | |
| | क. थोक | २५०० | |
| | ख. खुद्रा | २००० | |
| | ग. मुद्रण सामाग्री | ३००० | |
| | घ. कपी उद्योग | ३००० | |
| ९) | **कस्मेटिक पसल** | | |
| | क. थोक | ३००० | |
| | ख. खुद्रा | २००० | |
| १०) | **मोटर पार्टस तथा बोडि विल्डर्स सामाग्री** | ३००० | |
| ११) | **लुब्रिकेशन सेक्सन (मोविल ग्रीस आदि) तर्फ** | | |
| | क. थोक | ३५०० | |

| | | | |
|---|---|---|---|
| | ख. खुद्रा | २००० | |
| १२) | **पलाइ तथा ग्लास हाउस** | | |
| | क. थोक | ३००० | |
| | ख. खुद्रा | २००० | |
| १३) | **व्याग हाउस** | | |
| | क. थोक | ३००० | |
| | ख. खुद्रा | १५०० | |
| १४) | **धागो, टाक, चुडी, श्रृङगार पुजा सामाग्री पसल** | | |
| | क. थोक | ३००० | |
| | ख. खुद्रा | २००० | |
| १५) | **ईलेक्टोनिक/कम्प्युटर पसल** | | |
| | क. थोक | ४००० | |
| | ख. खुद्रा | २००० | |
| | ग. घडी रेडियो आदी | २००० | |
| | घ. अडियो भिडीयो | २००० | |
| | ङ मोवाइल पसल | २००० | |
| १६) | **विद्युत सामाग्रि पसल** | | |
| | क. थोक | ४००० | |
| | ख. खुद्रा | २००० | |
| १७) | **हार्डवयर, मेशिनरी, पेन्टस, सेनेटरी, मार्वल पसल** | | |
| | क. थोक | ४००० | |
| | ख. खुद्रा छड, सिमेन्ट हार्डवेयर | ३००० | |
| | ग. मेशिनरी | ३००० | |
| | घ. पेन्टस | २००० | |
| | ङ. स्यानेटरी, मार्वल पसल | ३००० | |
| | च. अन्य खुद्रा | २००० | |
| १८) | **पेट्रोलियम पदार्थ** | | |
| | क. ३ पम्प वा माथी | ६००० | |
| | ख. २ पम्प | ४००० | |
| | ग. १ पम्प | २००० | |
| | घ. मट्टीतेल मात्र विक्री | १००० | |
| | ङ. ग्यास सिलिण्डर डिलर | १५०० | |
| १९) | **स्टिल आल्मुनियम पसल** | | |
| | क. थोक | ५००० | |
| | ख. खुद्रा | २५०० | |
| २०) | **फर्निशिङ्ग** | | |
| | क. थोक | ५००० | |
| | ख. खुद्रा | २५०० | |
| | ग. डेकोर पसल | २००० | |
| २१) | **सवारी साधन एजेन्सी तथा विक्री पसल** | | |
| | क. बस, ट्रक, ट्याक्टर, जिप, कार, भ्यान डिलर | १०००० | |
| | ख. मोटरसाईकल डिलर | ५००० | |
| | ग. साइकल पसल | २००० | |

| | | | |
|---|---|---|---|
| | घ. रि-कन्डिसन हाउस | ३००० | |
| | ङ. टायर शोरुम | ३००० | |
| | च. अटोरिक्शा | ५००० | |
| | छ. विविध विषयका सामान सप्लायर्स तथा एजेन्सीहरु | २००० | |
| २२) | **दैनिक उपभोग्य वस्तु** | | |
| | क. खाद्य सप्लायर्स | ३००० | |
| | ख. गल्ला थोक | ३००० | |
| | ग. खाद्यन्न किराना थोक | ३००० | |
| | घ. खाद्यन्न किराना खुद्रा | १५०० | |
| | ङ. साना किराना पसल (ट्यांकी) | ५०० | |
| | च. आलु प्याज लसुन थोक | २००० | |
| २३) | **फलफुल पसल** | | |
| | क. थोक | २००० | |
| | ख. ठेला | ५५० | |
| | ग. खुद्रा | १००० | |
| २४) | **हरियो तरकारी पसल** | | |
| | क. थोक | २००० | |
| | ख. खुद्रा | १००० | |
| २५) | **कपडा पसल** | | |
| | क. थोक | ४००० | |
| | ख. खुद्रा | २००० | |
| | ग. फेन्सी पसल | २००० | |
| २६) | **विशेषज्ञ परामर्स तथा अन्य व्यवसायिक सेवा** | | |
| | कन्सल्टेन्स सेवा | | |
| | क. इन्जिनियरिङ फर्म परामर्श सेवा | ५००० | |
| | ख. ल फर्म तथा कानुन परामर्श सेवा | ३००० | |
| | ग भवन विस्लेषण परामर्श सेवा | ५००० | |
| | लेखा परिक्षण व्यवसाय तर्फ | | |
| | क. लेखा परिक्षण (सि. ए.) | ३००० | |
| | ख. अन्य | २००० | |
| २७) | **अनुसन्धान तथा परामर्श सेवा** | | |
| | क. अनुसन्धान फर्म | २००० | |
| | ख. विमा कम्पनी | २००० | |
| | ग. शेयर एजेन्ट फर्म | २००० | |
| | घ. ढुवानी तथा ट्रान्सपोर्ट | २००० | |
| | ङ. सस्थागत पेन्टर्स | २००० | |
| २८) | **निर्माण व्यवसाय** | | |
| | क. नगरपालिका क्षेत्रभित्र प्रधान कार्यालय भएका निर्माण व्यवसायी दर्ता | ५०००० | |
| | ख. नगर पालिका क्षेत्र भित्र प्रधान कार्यालय भएका व्यवसाय नविकरण | १०००० | |
| | ग. व्यवसाय सूची दर्ता दस्तुर | १०० | |
| | घ. विदेशी निर्माण व्यवसायी तथा परामर्श दार्ता | ५०००० | |
| २९) | **भवन निर्माण** | | |
| | क. मिस्चर र सटरिङ सामान भएको | ७००० | |

| | | | |
|---|---|---|---|
| | ख. सटरिङ सामान भएको मात्र | ६००० | |
| | ग. भवन निर्माण व्यवसायी | ३००० | |
| | घ. वाटर ड्रिलिङ | ३००० | |
| ३०) | **उत्पादन मुलक उद्योग** | | |
| | क. प्लास्टिक उद्योग (प्लास्टिक झोला उद्योग बाहेक) | ५००० | |
| | ख. चप्पल उद्योग | ५००० | |
| | ग. स्टिल आल्मुनियम, ग्रिल तथा स्टील सामाग्री उद्योग | ४००० | |
| | घ. फलामको ग्रिल उद्योग | २५०० | |
| | ङ. साबुन उद्योग क. वर्ग | ५००० | |
| | च. जुत्ता उद्योग तथा सो रुम | २५०० | |
| | छ. जुत्ता पसल थोक | २००० | |
| | ज. जुत्ता पसल खुद्रा | १५०० | |
| | झ. जुत्ता मर्मत | ५०० | |
| | ञ. पशु आहार उद्योग | २५०० | |
| | ट. पशु आहार विक्री केन्द्र | १५०० | |
| | ठ. पशु पन्छी पालन उद्योग | १००० | |
| | ड. घरेलु कुटिर उद्योग | ५०० | |
| | ढ. अगरवत्ती, मैन वत्ती, टिकी, अचार तथा यस्तै प्रकृतिका अन्य कुटिर , हस्तकला, मूर्तिकला समेत | ५०० | |
| ३१) | **कपडा तथा गार्मेट उद्योग** | | |
| | क. कपडा उद्योग | ५००० | |
| | ख. ज्याकेट तथा व्याग उद्योग | ४००० | |
| | ग. धागो उद्योग | २००० | |
| | घ. गार्मेन्ट उद्योग | २५०० | |
| | ङ. ढाका उद्योग क. श्रेणी | १५०० | |
| | च. सिरक डसना उत्पादक | ३००० | |
| | छ. छाता, सलाई उद्योग | १५०० | |
| ३२) | **पेय पदार्थ उत्पादन उद्योगः** | | |
| | क. मिनरल वाटर उद्योग | ५००० | |
| | ख. पिउने पानी सप्लायर्स | २००० | |
| | ग. आईस बरफ उद्योग | २००० | |
| | घ. आइसक्रिम उद्योग | २००० | |
| | ङ. सोडा उद्योग | २००० | |
| ३३) | **भाडा तर्फ** | | |
| | क. कास, तामा, पित्तलका भाडा उद्योग | ४००० | |
| | ख. आल्मुनियम भाडा उद्योग | ४००० | |
| | ग. प्लास्टिक भाडा उद्योग | ४००० | |
| | घ. टिनको बाकस, वाल्टी उद्योग | ३००० | |
| | ङ. भाडा पसल | २००० | |
| | च. प्लास्टिक जन्य सामाग्री पसल | २००० | |
| | छ. पुजा सामाग्री पसल | २००० | |
| ३४) | **कुटानी पेलानी** | | |
| | क. फलावर मिल | ५००० | |

| | | | |
|---|---|---|---|
| | ख. सेलर मिल (कुटानी, पिसानी र पेलानी भएको) | २५०० | |
| | ग. कुटानी वा पेलानी | २००० | |
| | घ. कुटानी मात्र | १००० | |
| | ङ पेलानी मात्र | १००० | |
| | च. चिउरा मिल | २००० | |
| | छ. मसला तथा बेसार उद्योग | १००० | |
| ३५) | **डेरी उद्योग** | | |
| | क. डेरी उद्योग तथा विक्री पसल | १५०० | |
| ३६) | **उपभोग्य वस्तु उत्पादन उद्योग** | | |
| | क. कुकिज, पाउरोटी, नुडल्स उद्योग | २००० | |
| | ख. कन्फेक्सनरी (मिष्ठान्न तथा मिठाई ) उद्योग | २००० | |
| | ग. विस्कुट उद्योग | २००० | |
| | घ. दालमोठ उद्योग | १००० | |
| ३७) | **रिकन्डीसन उद्योग** | | |
| | क. फलाम कृषी औजार उद्योग | २००० | |
| | ख. कागज प्लास्टिक रिकन्डीसन उद्योग | १५०० | |
| | ग. उर्जा मुलक उद्योग | १५०० | |
| | घ. वायो ग्यास उद्योग | ३००० | |
| | ङ. सौर्य शक्ति उत्पादन उद्योग | २००० | |
| | च. मर्मत संभार पार्ट उद्योग | २००० | |
| ३८) | **काष्ठ तथा वन जन्य उद्योग** | | |
| | क. स-मिल प्लाइउड उद्योग | ५००० | |
| | ख. काठ विक्री डिपो | ४००० | |
| | ग. काठको फर्निचर उद्योग र सो रुम | ३००० | |
| | घ. काठको फर्निचर सो रुम | २००० | |
| | ङ. वेत (बाँस) तथा व्याम्वो सो रुम | १५०० | |
| ३९) | **कंक्रिट उद्योग** | | |
| | क. कंक्रिट ब्लक उद्योग | ३००० | |
| | ख. सेनेटरी उद्योग | १५०० | |
| | ग. ढुङ्गा गिट्टी वालुवा सप्लायर्स | ४००० | |
| ४०) | **डिस्टिलरी उद्योग** | | |
| | क. डिस्टिलरी उद्योग क वर्ग | १०००० | |
| | ख. डिस्टिलरी उद्योग ख वर्ग | ७००० | |
| ४१) | **इट्टा उद्योग** | ३०००० | |
| ४२) | **ब्याट्री उद्योग** | २०००० | |
| ४३) | **पर्यटन उद्योग** | | |
| | क. होटल, लज तथा रेस्टुरेन्ट (उच्च कोटी) | ४००० | |
| | ख. होटल तथा लज | ३००० | |
| | ग. होटल तथा रेस्टुरेन्ट | २००० | |
| | घ. दोहरी साझ | २००० | |
| | ङ. पार्टी प्यालेस | ५००० | |
| | च. रेस्टुरेन्ट | २००० | |
| | छ. भोजनालय | १००० | |

| | | | |
|---|---|---|---|
| | ज. मिस्टान्न क्याटरिङ पसल समेत | ३००० | |
| | झ. मिस्टान्न पसल | १५०० | |
| | ञ. क्याटरिङ | २००० | |
| | ट. चिया कफी पसल | १००० | |
| | ठ. फास्ट फुड एण्ड क्याफे | १००० | |
| ४४) | **टेन्ट हाउस** | | |
| | क. विद्युत डेकोरेशन वेन्ड वाजा सहितको टेन्ट हाउस | ६००० | |
| | ख. विद्युत डेकोरेशन सहितको टेन्ट हाउस | ४००० | |
| | ग. टेन्ट हाउस मात्र | ३००० | |
| ४५) | **सेवा उद्योग** | | |
| | क. अफसेट प्रेस | ३००० | |
| | ख. स्क्रीन प्रिन्ट प्रेस | २००० | |
| | ग. लेजर प्रिन्ट प्रेस | १५०० | |
| | घ. सिनेमा हल | ३००० | |
| | ङ. फिल्म डिस्टीव्यूटर्स | १५०० | |
| | च. कलर ल्याब सेवा | १५०० | |
| | छ. भिडियो मिक्सिङ | २००० | |
| | ज. फोटो स्टुडियो | १५०० | |
| | झ कलर ल्याव र भिडियो मिक्सिङ | २००० | |
| | ञ. साउण्ड सिस्टम | १५०० | |
| ४६) | **संचार** | | |
| | क. टेलिफोन, टंकल, फ्याक्स, मोवाइल सेवा प्रदायक कम्पनी | ३००० | |
| | ख. टि.भी. च्यानल प्रसारण | ३००० | |
| | ग. केवल च्यानल प्रसारण ३००० भन्दा बढी ग्राहक भएको | ५००० | |
| | घ. केवल च्यानल प्रसारण ३००० भन्दा कम ग्राहक भएको | ३००० | |
| | ङ. एफ एम प्रसारण | २००० | |
| | च. पत्र पत्रिका प्रकासन सेवा | १००० | |
| | छ. इन्टरनेट सेवा प्रदायक ३००० भन्दा बढी ग्राहक भएको | ५००० | |
| | ज. इन्टरनेट सेवा प्रदायक ३००० भन्दा बढी कम भएको | ३००० | |
| | झ. केवल तथा इन्टरनेट सेवा प्रदायक | ५००० | |
| | ञ. मोवाइल पसल | २००० | |
| | | | |
| ४७) | **कम्यूनिकेशन सेवा** | | |
| | क. टुर्स एण्ड ट्राभल्स सेवा | १५०० | |
| | ख. फोटोकपी, पि.सि.ओ., साइबर तथा क्याफे | १५०० | |
| | ग. कुरियर्स सेवा मुख्य कार्यालय | १५०० | |
| | घ. कुरियर्स सेवा शाखा कार्यालय | ५०० | |
| ४८) | **वित्तिय सेवा (नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका बैंकहरु बाहेक)** | | |
| | क. वाणिज्य बैंक निजी स्तर मुख्य कार्यालय | ४०००० | |
| | ख. वाणिज्य बैंक प्रति शाखा कार्यालय | २०००० | |
| | ग. विकास वैक मुख्य कार्यालय | ३०००० | |
| | घ. विकास बैंक प्रति शाखा कार्यालय | १५००० | |
| | ङ. फाइनान्स कम्पनी मुख्य कार्यालय | २०००० | |

| | | | |
|---|---|---|---|
| | च. फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | १०००० | |
| | छ. लघु वित्त कम्पनी | ५००० | |
| | ज. विमा कम्पनीहरु | ८००० | |
| | झ. मनी एक्सचेन्जर/ट्रान्सफर | ३००० | |
| | ञ. बचत तथा बहुउद्धेशीय सहकारी संस्था | २००० | |
| | ट. कृषि सहकारी संस्था | १००० | |
| ४९) | **स्वास्थ्य सेवा व्यवसाय** | | |
| | क. गैर सरकारी अस्पताल तथा नर्सिङ होम | १०००० | |
| | ख. एम आर आई, सिटि स्क्यान, अल्ट्रासाउण्ड क्लिनिक र पोलि क्लिनिक | ८००० | |
| | ग. प्याथोलोजि (शारीरिक रोग सम्बन्धी) | १००० | |
| | घ. अक्यूपंचर | १००० | |
| | ङ एक्सरे | १००० | |
| | च. चश्मा पसल | १००० | |
| ५०) | **शिक्षा सेवा** | | |
| | क. निजी क्याम्पस | ५००० | |
| | ख. निजी मा. वि. | ५००० | |
| | ग. निजी आधारभूत | २००० | |
| | घ. पुर्व प्रा.वि., छात्रावास, मन्टेश्वरी | १५०० | |
| | ङ. पोलि टेक्नीकल इन्टिच्यूट प्रशिक्षण समेत | २००० | |
| | च. नर्सिङ, सि. एम. ए., एच. ए. प्रशिक्षण समेत | २००० | |
| | छ. एजुकेस्नल कन्सल्टेन्सी सेवा | ३००० | |
| | ज. कम्प्यूटर इलेक्ट्रोनिक तालिम | २००० | |
| | झ. ड्राइभिङ इन्स्टिच्यूट | २००० | |
| | ञ. भाषा, शिक्षा, कोचिङ सेन्टर | २००० | |
| ५१) | **मर्मत संभार (कारखाना)** | | |
| | क. नयाँ वोडि बनाउने क श्रेणी | ४००० | |
| | ख. वोडि मर्मत गर्ने ख श्रेणी | ३००० | |
| | ग. लेथ सेक्सन | २००० | |
| | घ. टायर डिलर सो रुम | ३००० | |
| | ङ. टायर रिसोलिङ | २००० | |
| | च. टायर पन्चर मर्मत | १००० | |
| | छ. इन्जिन मर्मत | १५०० | |
| | ज. डेन्टीङ, पेन्टीङ तथा वेल्डिङ | १५०० | |
| | झ. पम्प सेक्सन मर्मत | १००० | |
| | ञ. व्याट्रि इलेक्ट्रीक सेक्सन मर्मत | १००० | |
| | ट. वासिङ सेक्सन | ५०० | |
| | ठ. रिक्सा साईकल विक्री | २००० | |
| | ड. रिक्सा, साइकल मर्मत तथा विक्री सहीत | २५०० | |
| | ढ. रिक्सा साइकल मर्मत | ५०० | |
| | ण. टि. भि., डेग, मोबाइल, फ्रिज मर्मत, कम्प्यूटर मर्मत | १५०० | |
| | त. रेडियो, घडि, क्याल्कुलेटर मर्मत | ५०० | |
| | थ. मोटरसाइकल मर्मत | २००० | |
| | द. कम्पनी पट्टा, रेडियटर, ग्रिस, हेड मर्मत | ५०० | |

| | | | |
|---|---|---|---|
| | घ. जेनेरेटर, कम्प्युटर र फ्रिज मर्मत | २००० | |
| ५२) | **हेभी इक्यूपमेन्ट** | | |
| | क. हेभी इक्युपमेन्ट खरिद विक्री | ५००० | |
| | ख. अन्य कवाड खरिद विक्री | ३००० | |
| ५३) | **अन्य सेवा** | | |
| | क. वैदेशिक रोजगार सेवा परामर्स दाता | ३००० | |
| | ख. वैदेशिक रोजगार परामर्स सेवा शाखा कार्यालय | २००० | |
| | ग. सेवा परामर्स दाता | १५०० | |
| | घ. श्रमिक सेवा परामर्श दाता | १५०० | |
| | ङ. सामान सहित श्रमिक सेवा परामर्श दाता | १५०० | |
| ५४) | **ड्राइ किल्निक, सैलुन तथा व्यूटिपार्लर** | | |
| | क. व्यूटि पार्लर सेवा तालिम सहित | ३००० | |
| | ख. व्युटि पार्लर सेवा | १५०० | |
| | ग. कालिगढ सहितको सैलुन सेवा (२ सिट माथी) | २००० | |
| | घ. सैलुन सेवा २ सिट सम्मको | १००० | |
| | ङ. ड्राइक्लिनिक सेवा | १००० | |
| ५५) | **साईन वोर्ड आर्ट व्यवसाय** | | |
| | क. डिजिटल आर्ट व्यवसाय | १००० | |
| | ख. अन्य आर्ट व्यवसाय | १००० | |
| ५६) | **पशु वधशाला** | | |
| | क. पशु वध्शाला | ५००० | |
| | ख. पशुको छाला संकलन तथा विक्री | ३००० | |
| ५७) | **माछा मासु विक्री पसल** | | |
| | क. प्याकिङ माछा मासु सप्लायर्स | १००० | |
| | ख. माछा मासु मध्ये कम्तीमा ३ वटा सेवा दिने पसल | २५०० | |
| | ग. माछा मासु मध्ये कम्तीमा २ वटा सेवा दिने पसल | २००० | |
| | घ. कुनै एक सेवा, माछा सिध्रा | १००० | |
| | ङ. अण्डा विक्री पसल | १००० | |
| ५८) | **फुल विरुवा पसल** | | |
| | क. नर्सरी | २००० | |
| | ख. फुल विक्री | १००० | |
| ५९) | **स्नुकर तथा पुल हाउस** | | |
| | क. स्नुकर, पुल हाउस तथा जिम हाउस  भएको | ३००० | |
| | ख. स्नुकर मात्र | १५०० | |
| | ग. पुल हाउस | १५०० | |
| | घ. जिम हाउस | १५०० | |
| ६०) | **खेलौना, गिफ्ट हाउस तथा फोटो फ्रेम पसल (शोरुम)** | | |
| | क. खेलौना तथा गिफ्ट पसल | १५०० | |
| | ख. खेलौना मात्र | १००० | |
| | ग. फोटो फ्रेम | १००० | |
| ६१) | **सिलाई मेशिन मर्मत तथा सिलाई पसल** | | |

| | | | |
|---|---|---|---|
| | क. सिलाई स्पेस्लिस्ट पसल | २००० | |
| | ख. सिलाई पसल | १००० | |
| | ग. सिलाई मेशिन मर्मत | १००० | |
| | घ. बुटिक ल्याब्रोटरी | १००० | |
| ६२) | संगित कला केन्द्र | १००० | |
| ६३) | **घुम्ति व्यवसाय गर्ने व्यवसायीको हकमा** | | |
| | क. फेन्सी तथा कपडा पसल गलैंचा समेत | ८०० | |
| | ख. किराना विसाता तथा भाडा पसल | ५०० | |
| | ग. ठेलामा बिक्री फलफूल | ५०० | |
| | घ. ठेलामा विक्री खाद्यान्न | ५०० | |
| | ङ गाडिमा घुम्ती नास्ता | १००० | |
| | च. अन्य प्रकृतिका | २०० | |
| ६४) | **माथी उल्लेख नभएका उद्योगहरुको हकमा** | | |
| | क. ठुला उद्योग | ५००० | |
| | ख. मझौला उद्योग | ३००० | |
| | ग. साना उद्योग | १००० | |
| ६५) | **माथिउल्लेख नभएको अन्य पेशा व्यवसाय** | | |
| | क. डिस्टीब्युटर्स थोक पसल | ३००० | |
| | ख. खुद्रा पसल | १००० | |
| ६६) | **रियल स्टेट** | १०००० | |
| ६७) | **कवाड संकलन व्यवसाय** | ५००० | |
| ६८) | **सपिङ वा दुइ वा सो भन्दा बढी प्रकृतिका व्यवसाय एकै स्थानबाट सञ्चालन गरेमा बढी उल्लेख भएकोको कूल र अन्य प्रत्येक थपमा** | थप पचास प्रतिशत | |
| ६९) | मनोरञ्जन कर मेला प्रदर्शनी आदिमा प्रति टिकट | पाँच प्रतिशत | |

उपरोक्त विषय नसमेटिएका व्यवसायको हकमा:- कुनै व्यवसाय वा कर असुली सम्वन्धमा कुनै समस्या वा दुविधा भएमा राजश्व शाखा प्रमुखले व्यवसायको प्रकृति हेरी मिल्दो दररेट कायम गर्न सक्नेछ ।

## अनुसूची ६

## दफा ६ सँग सम्बन्धित

## सवारी साधनको सडक मर्मत दस्तुर तथा वार्षिक करको दररेट

| क.सं. | बिवरण | सडक मर्मत दस्तुर (नदी जन्य पदार्थ ओसारपसारमा मात्र) | वार्षिक कर |
|---|---|---|---|
| | नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने अटो रिक्सा र ई रिक्सा लाई वार्षिक कर लिइनेछ तथा ट्रक, टिप्पर र ट्याक्टरलाई सडक मर्मत दस्तुर लिइनेछ । | | |
| १ | अटो रिक्सा ( सवारी साधन कर ) | | २५०० |
| २ | ई रिक्सा ( सवारी साधन कर ) | | २००० |
| ३ | प्रति ट्रयाक्टर ट्राली - | १०० | |
| ४ | प्रति टिप्पर/ट्रक | ३०० | |
| ५ | बाहिर रसिद काटेका | | |
| | क. प्रति ट्रयाक्टर ट्राली - | २५ | |
| | ख. प्रति टिप्पर/ट्रक | ७५ | |

## अनुसूची ७
## (दफा ७ सँग सम्बन्धित
## विज्ञापनकर दररेटहरुको विवरण

| क्र.स | विवरण | दर रेट रु. |
|---|---|---|
| १. | **विज्ञापन कर** | |
| | न.पा. क्षेत्र भित्र (आफ्नो व्यवसायको चिनारीको लागि बाहेक) कुनै पनि स्थानमा होडिङ बोर्ड, साईन बोर्ड, पम्प्लेट, पोष्टर जस्ता विज्ञापनका सामाग्रीहरु राखेमा निम्न बमोजिमको बार्षिक विज्ञापन कर लिइनेछ । | |
| | क) होडिङबोर्ड, फ्लेक्स बोर्ड, २५ वर्गफीट सम्म प्रति वर्गफुट | ५५।- |
| | ख) होडिङबोर्ड, फ्लेक्स बोर्ड, २५ वर्गफीट भन्दा माथि प्रति वर्गफुट | ६५।- |
| | ग) डिजिटल बोर्ड, ग्लोबोर्ड, विद्यूतीय बोर्ड प्रतिवर्ग फुट रु | ८०।- |
| | घ) भित्ते लेखन, सटर पेन्टिङ प्रति वर्गफुट | २५।- |

## अनुसूची ८
## (दफा ८ सँग सम्बन्धित)
## बहाल विटौरी करको दररेट सेड भित्रको विवरण
## वडा नं. ३ मुर्गिया सोमवारे र विहिवारे

| क.स. | विवरण | सेड संख्या | प्रति सेडको स्कवायर फुट | जम्मा स्कवायर फुट | प्रति स्कवायर फुट रु. | जम्मा रकम | पसल सँख्या | प्रति पसल जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|
| **(क) पहिरन तथा श्रृगार तर्फ** | | | | | | | | |
| | थान कपडा पसल | ४.५ | २८८ | १२९६ | ०.९० | ११६६.४ | ९ | १२९.६० |
| | रेडिमेट तथा फैन्सी पसल | ४ | २५६ | १०२४ | ०.९४ | ९६२.५६ | १६ | ६०.१६ |
| | जुत्ता, चप्पल लगायत पसल | ७ | २५६ | १७९२ | ०.८० | १४३३.६ | १४ | १०२.४० |
| | झोला पसल | ३ | २५६ | ७६८ | ०.९० | ६९१.२ | ६ | ११५.२० |
| | रेडियो घडी पसल | २ | २५६ | ५१२ | ०.९० | ४६०.८ | ४ | ११५.२० |
| | कसमेटिक ( श्रृंगार) पसल | ६ | २५६ | १५३६ | ०.९८ | १५०५.२८ | १२ | १२५.४४ |
| **(ख) खाद्यान्न तथा सागसव्जीजन्य तर्फ** | | | | | | | | |
| | किराना पसल | २ | २८८ | ५७६ | १.०१ | ५८१.७६ | ४ | १४५.४४ |
| | चामल, गहुँ, मकै र खुदी पसल | १ | २८८ | २८८ | ०.९० | २५९.२ | २ | १२९.६० |
| | आलु प्याज ठुलो पसल | १ | २८८ | २८८ | ०.९० | २५९.२ | २ | १२९.६० |
| | तरकारी (सव्जी) पसल ठूलो | १.५ | २८८ | ४३२ | ०.७० | ३०२.४ | ३ | १००.८० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तरकारी (सब्जी) पसल सानो | १६ | २५६ | ४०९६ | ०.७८ | ३१९४.८८ | ६४ | ४९.९२ | |
| | सिजनल फलफुल पसल | | | | | ० | | | |
| | च्याउ पसल | | | | | ० | | | |
| | सुकाएको माछा पसल | | | | | ० | | | |
| **(गं) माछा मासुजन्य तर्फ** | | | | | | ० | | | |
| | खसी, बंगुर र राँगाको मासु पसल | | | | | ० | | | |
| | माछा पसल | १ | ८८२ | ८८२ | ०.८५ | ७४९.७ | ६ | १२४.९५ | |
| **(घ) मिष्ठान्न तथा नास्ताजन्य तर्फ** | | | | | | | | | |
| | मिठाई, चिया तथा मटर पसल | | | | | | | | |
| | चाउमिन पसल | | | | | | | | |
| | पाउरोटी तथा बिस्कुट पसल | | | | | | | | |
| | बरफ तथा आईसक्रिम पसल | | | | | | | | |
| **(ङ) अन्य प्रकृती तथा स्वरुप तर्फ** | | | | | | | | | |
| | भाँडा पसल | २ | २५६ | ५१२ | ०.९० | ४६०.८ | ४ | ११५.२० | |
| | औषधी पसल | | | | | | | | |
| | धागो साँचो पसल | | | | | | | | |
| | हाँस कुखुराको अण्डा पसल | | | | | | | | |
| | बिरुवा बिक्री पसल | | | | | | | | |
| | माटाका बिक्री पसल | | | | | | | | |
| | कपाल दाह्री पसल | | | | | | | | |
| | अमिलो कागती पसल | | | | | | | | |
| | मर्मत गर्ने पसल | | | | | | | | |
| | काँचो तथा पोलेको मकै पसल | | | | | | | | |
| | सुर्ति, चुरोट तथा पान पसल | | | | | | | | |
| जम्मा | | ५१ | | | | | | | |

## सप्ताहिक हाटवजारको सेडहरुको संख्यात्मक विवरण

| | |
|---|---|
| वडा नं. ३ को स्कुल डाँडाको सोमवारे र बिहीवारे सप्ताहिक हाटवजारको सेड संख्या ५१ | ४० वटाको १६×१६=२५६×४०=१०२४० वर्गफिट |
| १० वटाको १६×१८=२८८×१०=२८८० वर्गफिट | १० वटाको १६×१८=२८८×१०=२८८० वर्गफिट |
| १ वटाको १६×१८=२८८×१०=२८८० वर्गफिट | १ वटाको ४२×२१=८८२×१ =८८२ वर्गफिट |
| जम्मा वर्गफिट | =१४००२ वर्गफिट |

वडा नं. ८ शान्ती टोलको शुक्रवारे सप्ताहिक हाटबजारको लागि

| क.स. | विवरण | सेड संख्या | प्रति सेडको स्कवायर फुट | जम्मा स्कवायर फुट | प्रति स्कवायर फुट रु. | जम्मा रकम | पसल सँख्या | प्रति पसल जम्मा रकम | |
|---|---|---|---|---|---|---|---|---|---|
| (क) पहिरन तथा श्रृगार तर्फ | | | | | | | | | |
| | थान कपडा पसल | ४.५ | ३२० | १४४० | ०.९० | १२९६ | ९ | १४४.०० | |
| | रेडिमेट तथा फैन्सी पसल | ४ | २५६ | १०२४ | ०.९४ | ९६२.५६ | १६ | ६०.१६ | |
| | जुत्ता, चप्पल लगायत पसल | ७ | २५६ | १७९२ | ०.८० | १४३३.६ | १४ | १०२.४० | |
| | झोला पसल | ३ | २५६ | ७६८ | ०.९० | ६९१.२ | ६ | ११५.२० | |
| | रेडियो घडी पसल | २ | २५६ | ५१२ | ०.९० | ४६०.८ | ४ | ११५.२० | |
| | कसमेटिक ( श्रृंगार) पसल | ६ | २५६ | १५३६ | ०.९८ | १५०५.२८ | १२ | १२५.४४ | |
| (ख) खाद्यान्न तथा सागसव्जीजन्य तर्फ | | | | | | | | | |
| | किराना पसल | २ | ३२० | ६४० | १.०१ | ६४६.४ | ४ | १६१.६० | |
| | चामल, गहुँ, मकै र खुदी पसल | १ | ३२० | ३२० | ०.९० | २८८ | २ | १४४.०० | |
| | आलु प्याज ठुलो पसल | १ | ३२० | ३२० | ०.९० | २८८ | २ | १४४.०० | |
| | तरकारी (सव्जी) पसल ठूलो | ६ | ३२० | १९२० | ०.७० | १३४४ | १२ | ११२.०० | |
| | तरकारी (सव्जी) पसल सानो | ८ | २५६ | २०४८ | ०.७८ | १५९७.४४ | ३२ | ४९.९२ | |
| | तरकारी (सव्जी) पसल सानो | ७.५ | २५६ | १९२० | ०.८५ | १६३२ | ३० | ५४.४० | |
| | सिजनल फलफुल पसल | | | | | ० | | | |
| | च्याउ पसल | | | | | ० | | | |
| | सुकाएको माछा पसल | | | | | ० | | | |
| (गं) माछा मासुजन्य तर्फ | | | | | | ० | | | |
| | खसी, बंगुर र राँगाको मासु पसल | | | | | ० | | | |
| | माछा पसल | | | | | | | | |
| (घ) मिष्ठान्न तथा नास्ताजन्य तर्फ | | | | | | | | | |
| | मिठाई, चिया तथा मटर पसल | | | | | | | | |
| | चाउमिन पसल | | | | | | | | |
| | पाउरोटी तथा बिस्कुट पसल | | | | | | | | |
| | बरफ तथा आईसक्रिम पसल | | | | | | | | |
| (ङ) अन्य प्रकृती तथा स्वरुप तर्फ | | | | | | | | | |
| | भाँडा पसल | २ | २५६ | ५१२ | ०.९० | ४६०.८ | ४ | ११५.२० | |
| | औषधी पसल | | | | | | | | |
| | धागो साँचो पसल | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | हाँस कुखुराको अण्डा पसल | | | | | | | | |
| | बिरुवा बिक्री पसल | | | | | | | | |
| | माटाका बिक्री पसल | | | | | | | | |
| | कपाल दाह्री पसल | | | | | | | | |
| | अमिलो कागती पसल | | | | | | | | |
| | मर्मत गर्ने पसल | | | | | | | | |
| | काँचो तथा पोलेको मकै पसल | | | | | | | | |
| | सुर्ति, चुरोट तथा पान पसल | | | | | | | | |
| जम्मा | | ५४ | | | | | | | |

| सप्ताहिक हाटवजारको सेडहरुको संख्यात्मक विवरण | |
|---|---|
| वडा नं. ८ शान्ती टोलको शुक्रवारे सप्ताहिक हाटबजारको सेड संख्या ५४ मध्ये<br>३२ वटाको १६×१६=२५६×३२=८१९२ वर्गफिट | ३२ वटाको १६×१६=२५६×३२=८१९२ वर्गफिट |
| २२ वटाको १६×२०.३२०×२२.७०४० वर्गफिट | २२ वटाको १६×२०=३२०×२२=७९४० वर्गफिट |
| जम्मा वर्गफिट | ५४ वटा सेडको जम्मा क्षेत्रफल= १६१३२वर्गफिट |

**सप्ताहिक हाटवजारको विद्यमान व्यवसायीहरुको व्यवसायको स्वरुप र प्रकृति अनुसारको विवरण**

| क.स. | व्यवसायको स्वरुप र प्रकृतिको विवरण | व्यवसायीको संख्या | कैफियत |
|---|---|---|---|
| १ | थान कपडा पसल | ९ | स्रोत हाटवजार व्यवसायी समितिले दिएको प्रतिवेदन अनुसार |
| २ | कसमेटिक (श्रृंगार) पसल | १५ | |
| ३ | रेडिमेट तथा फैन्सी पसल | ५२ | |
| ४ | झोला पसल | ५ | |
| ५ | जुत्ता, चप्पल लगायत पसल | १३ | |
| ६ | तरकारी पसल | १६२ | |
| ७ | फलफुल पसल | ९ | |
| ८ | नास्ताजन्य पसल | ४२ | |
| ९ | माछामासु पसल | १४ | |
| १० | किराना पसल | ४ | |
| ११ | भाँडा पसल | ५ | |
| १२ | घडी र अन्य मिश्रित पसल | ५० | |
| १३ | अस्थायी कृषक सागसव्जी बेच्ने पसल | २५ | |
| जम्मा व्यवसायी संख्या | | ४०५ | |

**सप्ताहिक हाटवजार व्यवस्थित गर्नका लागि व्यवसायी तथा ठेक्केदारले पालना गर्नुपर्ने शर्तहरु**

(१) प्रति सेड बरावर ४ इकाई हुने अर्थात स- साना प्रकृतिका ४ वटा पसल भन्दा बढी बस्न नपाइने ।

(२) व्यवसाय तथा पसलको प्रकृति र स्वरुप हेरि सेडहरुको बैठकी कर (बहाल बिटौरी कर) फरक फरक हुन सक्ने ।

(३) एउटै प्रकृति र स्वरुपका व्यवसाय तथा पसल एउटै सेडमा बस्नु पर्ने ।

(४) सेड भित्र प्रयाप्त ठाउँ हुँदाहुँदै सेड बाहिर बस्न नपाइने ।

(५) सेड भित्र बस्ने ठाउँ नपुगेको खण्डमा सेड भन्दा बाहिरको बैठकी दस्तुर फरक हुने ।

(६) सेड भित्र बस्न नमिल्ने प्रकृतिका व्यवसाय तथा पसलको हकमा बाध्य नहुने अर्थात बाहिर बसेर व्यवसाय गर्न पाइने ।

(७) सबै व्यवसाहरुको लागि सेड भित्र बस्ने प्रयाप्त ठाँउ नभएको हुँदा व्यवसायको प्रकृति र स्वरुपको प्राथमिकता हेरि सेड भित्र बस्ने व्यस्था नगरपालिका मिलाउने ।

(८) एउटा व्यवसायीले कम्तिमा एक इकाई वा सो भन्दा माथि लिन सक्ने ।

(९) सरसफाइ वापतको शुल्क व्यवसायी स्वयमले तिर्नुपर्ने छ ।

(१०) पानीबाट भिज्ने प्रकृतिका व्यसायीलाई सेड भित्र बस्न पहिलो प्राथमिकता दिइनेछ ।

(११) सेड भन्दा बाहिर बस्नेलाई व्यवसायको प्रकृति हेरी व्यवसाय गर्नको लागि न.पा ले तोके अनुसारको जग्गा उपलब्ध गराइनेछ ।

(१२) सेड भित्र बस्ने व्यवसायीले सेड भन्दा बाहिर कुनै प्रकारको सामान राख्न पाइने छैन ।

(१३) साप्ताहिक हाटबजारको कम्पाउण्ड भित्र बाहेक बाहिर बसेर व्यापार व्यवसाय गर्न नपाइने ।

**बहाल विटौरी करको दररेट सेड भन्दा वाहिरको विवरण**

***मुर्गिया , कलौनी  र सालझण्डी हाटबजारको लागि***

| क्र.स. | विवरण | स्वीकृत दर | क्र.स. | विवरण | स्वीकृत दर |
|---|---|---|---|---|---|
| १. | भाडा पसल | ६०/ | २८ | छाला मर्मत पसल | २०/- |
| २. | किराना पसल | १००/- | २९. | सुर्ति पसल | ५०/- |
| ३. | धागो साँचो पसल | ५०/- | ३०. | फलफुल ठूलो पसल | ८०/- |
| ४. | आलु प्याज पसल ठूलो | १२०/- | ३१. | फलफुल सानो पसल | ३०/- |
| ५ | आलु प्याज पसल सानो | ६०/- | ३२ | बिरुवा पसल | ३०/- |
| ६ | खसी,बंगुर,रागाँको मासु बेच्ने पसल | १२०/- | ३३. | ठेला,रिक्सामा मालसमान ल्याई बिक्री गर्ने पसल | **४०/-** |
| ७ | पान बिडी पसल | ४०/— | ३४ | सानो सुकुटी माछा पसल | ४०/- |
| ८ | पोष्टर अगर बत्ती पसल | ३०/— | ३५ | अमिलो कागती पसल | २०/- |
| ९ | प्लाष्टिक झोला | ३०/— | ३६ | तरकारी पसल ठूलो (कृषक) | ५०/- |
| १० | भाँडा मर्मत पसल | ८०/— | ३७ | तरकारी पसल सानो (कृषक) | ३०/ |
| ११ | श्रृगांर पसल | ६०।- | ३८ | काँचो तथा पोलेको मकै ” | ३०/- |
| १२ | रेडिमेड कपडा पसल | ७०/- | ३९ | हतियार, छुरा, कैंची मर्मत गर्ने पसल | ५०/- |
| १३. | धान, चामल, गहुँ मसुरो पसल | ६०/- | ४० | चार्ट, फुल्की र जुस पसल | ८०/- |
| १४ | थान कपडा पसल | ८०/- | ४१ | माछा पसल | १००/- |
| १५ | **हाँस,कुखुराको अण्डा पसल** | ३०/- | ४२ | **कपाल काटने पसल** | ५०/- |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | औषधी पसल | ५०/- | ४३ | सुर्ती पसल | ५०/- |
| १७ | मिठाई ,मटर पसल | ५०/- | ४४ | बेल्ट र मोजा पसल | ६०/- |
| १८ | फलामे भाडा पसल | ५०/- | ४५ | राँगा, गोरु व्यवसाय प्रतिगोटा रु | २५।- |
| १९ | पाउरोटी, बिस्कुट पसल | ३०/- | ४६ | हाँस,कुखुरा,परेवा प्रति गोटा | १०/- |
| २० | जुत्ता, चप्पल पसल | ६०/- | ४७ | माटाका भाडा बिक्री पसल | ३०/- |
| २१. | हतियार, छुरा, कैंची मर्मत गर्ने पसल | ५०/- | ४८ | अचार पसल | ४०/- |
| २२. | चुरा पसल | ६०/- | ४९ | कुखुराको मासु पसल | ७०/- |
| २३. | चाउमिन थोक पसल | ५०/- | ५० | थोक समान गाडीमा ल्याई हाटबजार भित्र बिक्री गर्ने | १५०/- |
| २४. | रेडियो घडि पसल | ५०/- | ५१ | थोक समान गाडीमा ल्याई बाहिर बिक्री गर्नेलाई | १००/- |
| २५. | झोला पसल | ६०/- | ५२ | दालमोठ भुजा पसल | ६०/- |
| २६ | जुत्ता च्रप्पल पसल | ६०/- | ५३ | चिया पसल | ४०/- |
| २७ | चाउमिन पसल | ६०।- | ५४ | स्यागु बनकस पसल | ५०/- |
| | | | ५५ | दालमोट पसल | ६०/- |
| | | | ५६ | बरफ व्यवसाय पसल | ५०/- |
| | | | ५७ | पकौडी र जेरी पसल | ७०/- |

**१ उल्लेखित शिर्षकमा नपरेका पसलहरुको प्रकृति र स्वरुप हेरी रु.२५।-देखी रु.१००।-सम्म लाग्ने ।**

**२ दुई वा सो भन्दा बढि प्रकृतिको व्यवसाय संगै गरेमा सवैभन्दा बढि शुल्क भएको व्यवसायको करको पुरै पैसा र अन्य व्यवसायको ५० प्रतिशतले जोडेर कर तिर्नु पर्नेछ ।**

## अनुसूची ९
## (दफा ८ सँग सम्बन्धित)
## सेवा शुल्क दस्तुर विवरण

| सि.नं. | शिर्षकहरु | | दररेट रु. |
|---|---|---|---|
| १ | (क) निवेदन दस्तुर /नक्कल निवेदन दस्तुर | | १० |
| | (ख) उजुरी तथा प्रतिउत्तर दस्तुर | | १०० |
| | (ग) प्रतिलिपि उतार प्रतिपाना | | ५ |
| | (घ) लिखत कागजको नक्कल लिदा वा फोटो खिच्दा प्रति पाना | | ५ |
| २ | टिकट दस्तुर | | १० |

| | | | |
|---|---|---|---|
| ३ | रसिद नक्कल उतार प्रमाणित (प्रतिलिपि प्रतिपाना) | | ५० |
| ४ | नाता प्रमाणित | | |
| | क) नेपालीमा सिफारिस | | २०० |
| | ख) अंग्रेजीमा | | ६०० |
| ५ | जग्गा नामसारी सिफारिस | | १००० |
| ६ | सबै प्रकारका सर्जमिन दस्तुर | | ५०० |
| ७ | छुटभएको जग्गा दर्ता सिफारिस | | |
| क | न्यूनतम | | १००० |
| ख | प्रति कठ्ठा | | १००० |
| ८ | नाम शंसोधन सिफारिस | | ५०० |
| ९ | घरवास भए नभएको र सडकले छोए नछोएको सिफारिस थप प्रति कित्ता | | ५०० |
| १० | बकस पत्रमा (साकार) सिफारिस | | ५०० |
| ११ | अंश वण्डा सिफारिस | | ५०० |
| १२ | अपुताली सिफारिस | | २००० |
| १३ | अपुताली जग्गा नामसारी सिफारिस | | २००० |
| १४ | मालपोत प्रयोजन सिफारिस दस्तुर | | |
| क) | घर/तिनपुस्ते नाम कायम आदी सिफारिस दस्तुर | | ५०० |
| ख) | बक्यौता नरहेको सिफारिस | | ५०० |
| १५ | **नागरिकता सिफारिस** | | |
| क) | बंशज नागरिकता/प्रतिलिपि सिफारिस | | ५० |
| ख) | अंगीकृत नागरिकता सिफारिस | | १०० |
| १६ | **सडक अवरोध हटाउदा पक्की सडक** | | |
| क | १००० वर्गफिट सम्मको घर निर्माण गर्दा (अनलोड गरेको २४ घण्टा भित्र हटाउने | | १००० |
| ख | १००१ देखि २००० वर्ग फिट सम्मको घर निर्माण दर्गा (अनलोड गरेको २४ घण्टा भित्र हटाउने | | २००० |
| ग | २००१ देखि माथि वर्ग फिट सम्मको घर निर्मँण गर्दा (अनलोड गरेको २४ घण्टा भित्र हटाउने | | ३००० |
| १७ | **सडक अवरोध हटाउंदा कच्ची सडक** | | |
| क | पक्की सडकमा लाग्ने दस्तुरको २५ पतिशत छुट | | |
| ख | घर निर्माण गर्दा विविध सरजमिन दस्तुर | | ५०० |
| १८ | **नक्सापास लागु हुनु पूर्व निर्माण भएका घरहरुलाई व्यहोरा खुलाई सिफारिस गर्दा** | | |
| क | पक्की घरको लागि (नक्शा पास भएका घरलाई मात्र सिफारिस प्रदान गरिने) | | १००० |
| ख | कच्ची घरको लागि | | २०० |
| १९ | खानेपानी धारा, विद्युत मिटर जडान सिफारिस | | १०० |

| | | | |
|---|---|---|---|
| २० | खानेपानी धारा, विद्युत मिटर नामसारी सिफारिस | | १०० |
| २१ | खानेपानी धारा जडान गर्दा सडक मर्मत दस्तुर रु. (भित्री कालोपत्रे सडकमा खन्नुपर्ने भएमा) | | ४००० |
| २२ | पञ्जिका लागू हुन भन्दा पुर्वका जन्म मृत्यु विवाह र वसाईसराई सिफारिस | | ५० |
| २३ | **विविध प्रकारका सिफारिस** | | |
| क | नेपालीमा सिफारिस | | १०० |
| ख | अंगेजीमा सिफारिस | | ६०० |
| २४ | पेन्सन सिफारिस | | ५०० |
| २५ | पेन्सन प्रयोजन व्यक्ति प्रमाणित, ठेगाना संसोधन आदि सिफारिस | | |
| क | स्वदेशी | | ५०० |
| ख | विदेशी | | १००० |
| २६ | पेन्सन वारेसनामा सिफारिस | | ५०० |
| २७ | क) नोकरी रहेको वा अवधि प्रमाणित सिफारिस स्वदेश | | ३०० |
| | ख) नोकरी रहेको वा अवधि प्रमाणित सिफारिस बैदेशिक | | ५०० |
| २८ | राहदानी सिफारिस (भारतको लागि) | | १०० |
| २९ | भारत बाहेक अन्य (चारित्रिक सिफारिस) मुलुकको लागि | | ६०० |
| ३० | चारित्रिक सिफारिस नेपालको लागि | | १०० |
| ३१ | कर चुक्ता सिफारिस | | |
| क | नेपालीमा सिफारिस | | १०० |
| ख | अंगेजीमा सिफारिस | | ६०० |
| ३२ | **धितोमूल्याकन (प्रति लाख)** | | |
| क | बैदेसिक तथा नामसारी प्रयोजन | | ७५ |
| ३३ | क. सिफारिस दस्तुरः- | | |
| | नगरपालिका ले गर्ने सिफारिसमा प्रति सिफारिस निम्नानुसार दस्तुर लिइनेछ । | | |
| | १. स्वदेशको लागि गरिने सामान्य सिफारिसमा | | १०० |
| | २. बिदेशको लागि गरिने सिफारिसमा | | ३०० |
| | ३. घर नभएको जग्गा खरिद बिक्री, बकसपत्र, सट्टापट्टा आदि प्रयोजनको लागि मालपोत कार्यालयलाई गरिने सिफारिसमा | | |
| | ४. घर नभएको जग्गा भएमा | | १०० |
| | ५. कच्ची घर भएको जग्गा भएमा | | ५०० |
| | ६. जग्गावालाको मृत्यु पछिको नामसारी र अंशबण्डाको प्रयोजनका लागि मालपोत कार्यालयलाई गरिने सिफारिसमा | | १००० |

| | | | |
|---|---|---|---|
| | ७. विदेश सिफारिस र पेन्सन सम्बन्धी सिफारिसमा | | ६०० |
| | ८. विदेश सिफारिस अंग्रेजीमा गर्दा प्रत्येक सिफारिसमा | | ६०० |
| ३४ | जग्गा प्लटिङ्ग इजाजत दस्तुर प्रति कट्टा रु. (इजाजतको लागि जग्गाधनिले प्लट नक्शा तयार गरि पेश गर्नुपर्नेछ) | | ५००० |
| ३५ | गाउँ ब्लक जग्गाको सिफारिस गर्दा प्रति धुर | | १०० |
| ३६ | **काठको सिफारिस** | | |
| क | काठको सिफारिस दस्तुर (जिल्ला बन, आपुर्ती समिति) | | ६०० |
| ख | काठको सिफारिस दस्तुर (आफनै जग्गामा रहेका कुकाठ कटान) | | ५०० |
| ३७ | क्लव तथा संघ संस्था दर्ताको लागि सिफारिस | | ५०० |
| ३८ | बन्दकोठा घर पसल आदि खोल्नु पर्दा मुचुल्का वापत | | ५०० |
| ३९ | व्यत्तिगत घटना दर्ता घटना घटेको ३५ दिन सम्म | | निशुल्क |
| | क. घटना घटेको ३५ दिन भन्दा माथि ७० दिन सम्म | | ५० |
| | ख. घटना घटेको ७० दिन भन्दा माथि | | २०० |
| | ग. व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको नक्कल दस्तुर | | ५०० |
| | घ. व्यक्तिगत घटना दर्ता तथा नागरिक अभिलेख दर्ता हेरेको दस्तुर | | २०० |
| ४० | सम्बन्ध विच्छेद सिफारिस दस्तुर | | १०० |
| ४१ | कृषि जन्य उद्योग सिफारिस | | १०० |
| ४२ | वनजन्य उद्योग सिफारिस | | २००० |
| ४३ | धातु जन्य उद्योग सिफारिस | | २००० |
| ४४ | व्यवसाय ठाउसारी सिफारिस | | १००० |
| ४५ | केवल, टेलिभीजन, एफ एम आदी दर्ता सिफारिस | | २००० |
| ४६ | छाला जन्य उद्योग सिफारिस | | १००० |
| ४७ | दैनिक उपभोग्य खाद्दपदार्थ उत्पादन उद्योग सिफारिस (भाडा पसल, फेन्सी स्टेशनरी, व्युटी पार्लर, चिया पसल, होटल तथा रेष्टुरेन्ट) | | ५०० |
| ४८ | प्लाईउड उद्योग सिफारिस | | १००० |
| ४९ | ईट्टा भट्टा उद्योग सिफारिस (नगरिने) | | |
| ५० | ग्रिल उद्योग सिफारिस | | १००० |
| ५१ | व्लक उद्योग सिफरिस | | १००० |
| ५२ | ठूला उद्योग सिफारिस | | २००० |
| ५३ | मझौला उद्योग सिफारिस | | १००० |
| ५४ | साना उद्योग सिफारिस | | ५०० |

| | | | |
|---|---|---|---|
| ५५ | **निजि विद्यालय दर्ता सिफारिस/(संचालन अनुमतीका लागि सिफारिस)** | | |
| | क आधारभूत तह | | १५०० |
| | ख माध्यमिक तह | | २५०० |
| ५६ | वित्तीय कारोवार गर्ने सहकारी संस्था खोल्न सिफारिस | | २००० |
| ५७ | सटही काउन्टर आदि खोल्न | | २००० |
| ५८ | फाइनान्स बैक | | २००० |
| ५९ | सहकारी संस्था गैर वित्तिय | | १००० |
| ६० | लिखत प्रमाणीत गर्ने | | |
| | रु ५० हजार वा सो भन्दा माथि लेनदेनको लिखतमा | | २०० |
| ६१ | व्यवसाय दर्ता प्रमाण पत्र प्रतिलीपी | | २०० |
| ६२ | सामुदायिक हलभाडा प्रतिदिन | | २००० |
| ६३ | **चारकिल्ला सिफारिस विक्री प्रयोजनका लागि** | | |
| | क) लोकमार्ग सँग जोडिएको जग्गा र बजार क्षेत्रको जग्गा सिफारिस | दश धुर सम्म | ८०० |
| | | दश धुर माथि प्रति कट्ठा थप | १००० |
| | ख) भित्रि कालो पत्रे जग्गा | दश धुर सम्म | ६०० |
| | | दश धुर माथि प्रति कट्ठा थप रु. | २०० |
| | ग) ग्राभेल वा कच्ची बाटो जोडिएको जग्गामा | एक कट्ठा सम्म | ५०० |
| | | एक कट्ठा माथि प्रति कट्ठा थप रु. | १५० |
| | घ) बाटो नखुलेका खेती योग्य जग्गा | दुई कट्ठा सम्म | ३०० |
| | | दुई कट्ठा माथि प्रति कट्ठा थप रु. | ५० |
| ६४ | **चारकिल्ला सिफारिस अन्य प्रयोजनका लागी -** | | |
| | **क) ऋण प्रयोजन का लागी चारकिल्ला सिफारिस** | | |
| | १. ०–५–० सम्मको चार किल्ला प्रमाणित | | ३०० |
| | सो भन्दा माथि चार किल्ला प्रमाणित रु. | | ५०० |
| | २. राजमार्गको किनारामा पर्ने ०–५–० सम्मको | | ५०० |
| | सो भन्दा माथी चारकिल्ला दस्तुर रु. | | १००० |
| | **ख) अंशवण्डा तथा बकसपत्र प्रयोजनका लागी चारकिल्ला सिफारिस** | | |
| | १. ०–५–० सम्मको चार किल्ला प्रमाणित | | ३०० |
| | सो भन्दा माथि चार किल्ला प्रमाणित रु. | | ५०० |
| | २. राजमार्गको किनारामा पर्ने ०–५–० सम्मको | | ५०० |
| | सो भन्दा माथी चारकिल्ला दस्तुर रु. | | १००० |
| | जग्गा नापी गर्दा प्रति कित्ता | | ५०० |
| ६५ | काउन्सिलर प्रमाणीकरण दस्तुर (प्रति पाना) | | २०० |

| | | | |
|---|---|---|---|
| | संस्था दर्ता | | १००० |
| | संस्था नवीकरण | | ५०० |
| ६६ | जरिवाना (संस्था दर्ता ऐन अनुसार हुनेछ) | | |
| | घ वर्गको इजाजत पत्र दर्ता / नवीकरण/नवीकरण थप | | १००० |
| ६७ | घ वर्गको इजाजत पत्र प्रतिलिपि दस्तुर | | ५०० |
| ६८ | माटो सम्याउने (प्रति वर्ग फिट) | | ०.५० |
| ६९ | अव्यवस्थित जग्गा कारोवार गर्दा वातावरण तथा सरसफाई शुल्क वापत कारोवार मूल्यको | | २% |
| ७० | जग्गा कारोवार गर्दा खरिद कर्ताले बुझाउनु पर्ने भौतिक पूर्वाधार शुल्क (खरिद मूल्यको) | | ०.५ % |

## अनुसूची ९ (क)
## (दफा १०सँगसम्बन्धित
## नक्सा पास दस्तुर

| वडा नं. | विवरण | पुर्व पश्चिम लोकमार्ग मोहोडा/मुर्गीया लुम्बिनी/कलौनी लुम्बिनी र सालझण्डी ढोरपाटनमा पर्ने | | रिङ्गरोड(सैनामैना चक्रपथ/भित्री सडक १० मि देखि माथिका सबै ग्रामिण बाटोहरु | | भित्री सडक ६ मिटर देखि १० मिटर भन्दा कम रहेका बाटहरु | |
|---|---|---|---|---|---|---|---|
| | | जमिनमुनी र भुई तला (प्रति ब.फिट रु.) | पहिलो तला वा सो भन्दा माथि (प्रति ब.फिट रु.) | जमिनमुनी र भुई तला ( प्रति ब.फिट रु.) | पहिलो तला वा सो भन्दा माथि (प्रति ब.फिट रु.) | जमिनमुनी र भुई तला (प्रति ब.फिट रु.) | पहिलो तला वा सो भन्दा माथि (प्रति ब.फिट रु.) |
| १ देखि ११ | आवासीय पक्की घरको नक्शा पास दस्तुर | ६ | ७ | ५ | ६ | ४ | ५ |
| १ देखि ११ | घ वर्गको आवासीय घरको नक्शा पास दस्तुर | ४ | | ३ | | २ | |
| १ देखि ११ | घर नक्सापास दरखास्त फाराम दस्तुर रु. | ५०० | | | | | |
| १ देखि ११ | नक्शा नामसारी दस्तुर पर्ती वर्ग फिट रु. (पक्की घरको लागि मात्र) | १ | | | | | |
| १ देखि ११ | अस्थायी/कच्ची घरको घर निर्माण इजाजत दस्तुर प्रति घर | १००० | | | | ७०० | |
| १ देखि ११ | कम्पाउण्ड वाल लगाउदा इजाजत लिएर मार्त्रै निर्माण गर्नुपर्ने र ईजाजत दस्तुर प्रति रनिङ्ग फुट रु. | १० | | | | | |
| १ देखि ११ | **स्वीमिङ्ग पुल/ उद्योग** इजाजत लिएर मार्त्रै निर्माण गर्नुपर्ने र ईजाजत दस्तुर प्रति स्क्वार फुट रु. | १० | | | | | |

| |
|---|
| **नोटः** यसअघि घर निर्माण शुरु गरेका वा सम्पन्न गरेका घरहरुको हकमा धुरिकर नकाटेका घरहरुको नयाँ घर निर्माण सरह दस्तुर हिसाब हुनेछ । |
| कंकृट र छड प्रयाग गरि बनाईएका र व्यवसायिक/औद्योगिक/व्यापारिक प्रयाजनका लागि बनाईएकाँ सबै खाले घरहरु अनिवार्य नक्सापास गर्नुपर्ने र सो को लागि नक्सापास दस्तुर माथि उल्लेखित पक्की घर निर्माण सरह हुनेछ । |
| भवन संहिता पालना नगरि निर्माण भएको वा स्वीकृत मापदण्ड विपरित बनेका घरहरुको लागि इजाजत/निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गरिनेछैन । |
| नक्शा पास गरि सकेपछि २ वर्ष भित्र निर्माण सम्पन्न गरि सक्नु पर्ने छ । यदि सोही अवधि भित्र निर्माण सम्पन्न नभएमा नक्साको म्याद थप गर्दा रु. १ प्रति वर्गफिट दस्तुर लिई पुनः दुई वर्षको लागि म्याद थप गरिनेछ । |
| व्यवसायिक भवनहरुको नक्सा पास गर्दा रु. २ प्रति वर्ग फिट थप दस्तुर लाग्नेछ । |

# अनुसूची १०

## (दफा ११ सँग सम्बन्धित)

## जरिवाना तथा छुट

| | बिवरण | रकम/प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | **जरिवाना** | | |
| | क) बार्षिक कर, दस्तुर तथा शुल्क बुझाउन बिलम्ब भएमा पहिलो वर्ष | १०% | |
| | दोस्रो बर्ष बिलम्ब | २०% | |
| | दोस्रो बर्ष पछि बिलम्ब | २५% | |
| | **पुनश्चः बक्यौता असुल गर्दा हालको दरमा नै हिसाब गरि असुल गर्ने** | | |
| | ख) पुरानो घरमा तला थप /पुरानो जगमा सुपर स्टक्चर निर्माण गर्दा न.पा.मा नक्शा पेश नगरि निर्माण कार्य शुरु गरेमा एकमुष्ट रु. | २०००० | |
| | ग) घ वर्गका घर बिना इजाजत निर्माण गरेमा जरिवाना रु. | | |
| | टिनको छानो, इटा ढुङ्गा व्लक पर्खाल भएको घर (व्यवसायिक प्रयोजन) एकमुष्ट रु. | ५००० | |
| | टिनको छानो, इटा ढुङ्गा व्लक पर्खाल भएको घर (आवास प्रयोजन ) एकमुष्ट रु. | १००० | |
| | टायल/खरको छाना माटो वाँस आदि एकमुष्ट रु. | ५०० | |
| | घ) नया“ घर निर्माण गर्दा स्विकृत नक्सा बिपरित साईड मार्जिन ३ फिट भन्दा कम छोडी झ्याल, ढोका राखेमा एकमुष्ट रु. | ५००० | |
| | ङ) नयाँ घर निर्माण गर्दा नक्सा पास नगरि निर्माण कार्य गर्नेलाई (मापदण्ड बमोजिम निर्माण गरेमा नक्सा पास गर्न सकिने तर मापदण्ड विपरित गरेमा नक्सापास नदिने) एकमुष्ट रु. | २५००० | |
| | च) तोकिएको मापदण्ड बमोजिमको सेटव्याकमा कम्पाउण्ड वाल निर्माण गरेमा कबुलियतनामा गरी जरिवाना रु. | ५००० | |
| | छ) भवन निर्माण इजाजत लिई अन्य मापदण्ड पालना नगरी स्टक्चर डिजाइन र भवन संहिता बमोजिम निर्माण नगरेमा जरिवाना रु. (त्यस्ता भवनलाई जरिवाना लिई विद्युत पानी सिफारिस गर्न सकिने तर नक्सा पास नगरिने । | ५००० | |
| | ज) सैनामैना भवन निर्माण मापदण्ड २०७२ को संसोधित दफा १० को उपदफा १०को उपदफा ३१ बमोजिम नक्सापास गर्दा जरिवाना रु. | ५००० | |
| | झ) सैनामैना भवन निर्माण मापदण्ड २०७२ को संसोधित दफा १० को उपदफा ४५ बमोजिम नक्सापास गर्दा जरिवाना रु. | १०००० | |
| | ञ) घरनक्सा परामर्शदताले घरनक्सा पास प्रकृयामा न.पा. मा गलत प्रतिवेदन पेश गरेमा वा भवन निर्माण सुपरिवेक्षण सम्झौता गरि उचित र आवश्यक मात्रामा सुपरिवेक्षण नगरेमा परामर्शदाता लाई पहिलो पटक जरिवाना रु. | ५००० | |

| | | | |
|---|---|---|---|
| | ट) दोस्रो पटक पनि सोही प्रकृतिको गलत प्रतिवेदन पेस गरेमा रु. | १०००० | |
| | ठ) दुइ पटक भन्दा बढी सोही प्रकृतिको गलत प्रतिवेदन पेश गरेमा कालो सुचिमा राखी उक्त फर्मबाट नक्सा दर्ता गर्न प्रतिबन्ध लगाउने । | | |
| | ड) घर निर्माणकर्मीले घर धनी लाई गलत सल्लाह दिई स्वीकृत नक्सा र मापदण्ड विपरित निर्माण कार्य गरेमा वा निर्माण कार्यमा लापरवाही पूर्वक गुणस्तरहिन कार्य गरेमा निर्माणकर्मीलाई पहिलो पटक जरिवाना रु. | ५००० | |
| | ढ) दोस्रो पटक पनि सोही प्रकृतिको गल्ती गरेमा रु. | १०००० | |
| | ण) दुइ पटक भन्दा बढी सोही प्रकृतिको गल्ती गरेमा कालो सुचिमा राखी उक्त निर्माणकर्मीको न.पा. मा भएको व्यवसाय दर्ता खारेज गर्ने | | |
| २ | छुट | | |
| | क) दश धुर भन्दा बढी जग्गामा घर निर्माण गर्ने घरधनिहरुलाई आफ्नो घडेरीमा अनिवार्य २ वटा रुख रोप्नुपर्ने र रुख रोप्नेलाई नक्सा पास दस्तुरमा छुट दिने । | १०% | |
| | ख) आय ठेक्कामा सम्झौता अघि कूल रकम एकमुष्ठ बुझाएमा ठेक्का अङ्कको | १० % | |
| | ग) विशेष अभियान सञ्चालन गरि कर असुली गर्दा | कार्यपालिकाको निर्णय अनुसार छुट दिन सकिनछे | |
| | घ) आ.व ०७८/०७९ को पहिलो चौमासिक भित्र व्यवसाय कर, वहाल कर, सम्पत्ति कर, मालपोत तथा भूमिकर, बहाल विटौरी र पूर्वाधार विकास शुल्क एकमुष्ठ वुझाएमा १० प्रतिशत छुट दिइनेछ । | | |
| | ङ) लकडाउनका कारणले आ.व. २०७७।०७८ को बहाल कर, व्यवसाय कर, सम्पत्ति कर, मालपोत तथा भूमिकर, बहाल विटौरी र पूर्वाधार विकास शुल्क समयमा बुझाउन नपाएकाले लाग्ने जरिवाना अगामी वर्ष २०७८।०७९ मा छुट दिइनेछ तर पुरानो बक्यौता नियमानुसार लाग्नेछ । | | |
| | च) लकडाउनको अवधि भर सञ्चालन गर्न अनुमति पाएका किराना, खाद्यान्न, सागसब्जी पसल, दुध डेरि, मेडिकल, पेट्रोलपम्प र ग्याँस पसल कारोवार गर्ने वाहेकका आ.व ०७७/०७८ को बैशाख र जेष्ठ महिनाको व्यापार, व्यवासाय र उधोग संचालन गर्न नपाएका हुदा बन्दाबन्दी अवधिभरको बहालकर र व्यवसायकर पुरै छुट दिइनेछ । | | |
| | छ) आर्थिक वर्ष २०७८।०७९ मा कोभिड-१९ का कारणले साप्ताहिक हाटवजार सञ्चालन हुन नसकेको अवधि भरको दामासाहीका हिसावले आउने ठेक्का रकममा पुरै छुट हुनेछ । | | |